सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम

**सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को बुँदा नं. १० मा उल्लेख भएको सूचना अद्यावधिक गर्ने र ३/३ महिनामा प्रकाशन गर्ने सम्बन्धी सूचना**

## गण्डकी प्रदेश नीति तथा योजना आयोगको स्वरुप र प्रकृति

गण्डकी प्रदेशको तीव्र आर्थिक वृद्धि र सन्तुलित तथा दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, तहगत समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने उद्देश्य सहित गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो। "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१" अनुसार प्रदेश सरकारद्वारा गठित विशिष्टीकृत निकाय हो। वि.सं. २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भए पश्चात् २०७४ फागुन ४ गते प्रदेश सरकार स्थापना भई २०७५ साउन ६ गते प्रदेश नीति तथा योजना आयोग गठन गरेको थियो भने आयोगले २०७५ साउन २२ गतेदेखि औपचारिकरुपमा आफ्नो कार्य प्रारम्भ गरेको थियो। हाल "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१" प्रचलनमा रहेको र सोही कानूनी व्यवस्था बमोजिम आयोगले कार्य गरिरहेको छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोग प्रदेश विकास परिषद् अन्तर्गत रहेको गण्डकी प्रदेशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह दिने उपल्लो निकाय हो। यसले आवधिक योजनाको तर्जुमा गरी कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दै आएको छ। यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनको लागि प्रादेशिक निकायको रूपमा कार्य गर्दछ। यसैगरी यस आयोगले प्रदेशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदान प्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ। यसबाहेक यसले नागरिक समाज, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधान गर्ने संस्थाको रूपमा समेत सेवा प्रदान गर्दछ।
प्रदेश सरकारको प्रमुख सचिव र आर्थिक मामिला सचिव आयोगको पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। आयोगका सदस्य सचिवले आयोगको प्रशासकीय प्रमुखको रूपमा समेत कार्य गर्ने व्यवस्था रहेको छ। आयोगको प्रशासनिक संगठन संरचना अनुसार ४ वटा शाखाहरू रहेका छन्।

## गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन

गण्डकी प्रदेशमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्न एक गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन गरिएको छ।

| | | |
|---|---|---|
| (१) | मुख्यमन्त्री | अध्यक्ष |
| (२) | प्रदेश सरकारबाट नियुक्त एकजना | उपाध्यक्ष |
| (३) | प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुईजना | सदस्य |
| (४) | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| (५) | प्रदेश सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (६) | सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

माथि (ख) र (ग) बमोजिम उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्बन्धी विषयविज्ञ मध्येबाट नियुक्ति गरिने व्यवस्था छ।

## गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम कर्तव्य र अधिकार

यस आयोगलाई योजना तर्जुमा र नीति निर्माण सम्बन्धमा तपसिल बमोजिमका कार्यादिश प्राप्त छ।

### (क) दीर्घकालीन नीति तथा योजना तर्जुमा

(१) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,

(२) औचित्य र आवश्यकताका आधारमा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयलाई सहजीकरण गर्ने,

(३) कार्यक्रम कार्यान्वयनमा मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने, प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालयलाई बजेटको स्रोत सीमाको आँकलन गर्ने

### (ख) अनुगमन तथा मूल्याङ्कन

(१) प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नु पर्ने सुधार गर्ने, गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कन कर्ता तथा विषयगत पेशागत् सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**(ग) तहगत समन्वय**

(१) सङ्घ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(२) प्रदेश सरकारका क्षेत्रगत नीतिहरूमा परामर्श दिने,

(३) आयोजना बैक सम्बन्धी कार्य गर्ने,

(४) राष्ट्रिय तथा प्रादेशिक योजनासँग तादात्म्य हुने गरी प्रदेशभित्रका स्थानीय तहहरूको आवधिक

(५) योजना निर्माण परिमार्जनमा समन्वय, सहयोग र साझेदारी गर्ने।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण**

(१) प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिक, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) सार्वजनिक, निजी एवं गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने,

(४) आयोजनाको अवधारणापत्र सम्बन्धी कार्य गर्ने,

(५) विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

(६) क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने।

**(ङ) अन्य**

(१) प्रदेश सरकार मातहतका मन्त्रालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमहरूको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,

(२) प्रदेशको समग्र समृद्धिका लागि भविष्य परक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्ग चित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय, सुशासन समेतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(४) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैक (प्रोजेक्ट बैक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

(५) प्रदेशको स्रोतको अनुभव, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

(६) अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(७) प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

(८) सङ्घ, प्रदेश तथा स्थानीय तहको सह लगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक काम गर्ने,

(९) प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने,

(१०) निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने,

(११) सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजना तर्जुमा तथा कार्यान्वयन समेतका विषयमा गण्डकी प्रदेश विकास प्राधिकरणसँग समन्वय गर्ने,

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने,

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने।

(१४) सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी परामर्श दिने।

## प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकार

**क) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८**

१. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने ऐनको दफा ५०

२. स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्नेः

३. ऐनको दफा ७ बमोजिम बजेट सीमा र मार्गदर्शन पठाउने दायित्व नीति तथा योजना आयोगको रहेकोः

४. ऐनको दफा ८ बमोजिम बजेट प्रस्तावमा छलफल गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेः

**(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

**(ग) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९**

१. मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया र समय सीमाः

२. बजेट तर्जुमा प्रक्रियाः

३. आयोजनाको वर्गीकरणः

**(घ) प्रदेश स्रोत अनुमान समितिको गठनः**

ऐनको दफा ६ को उपदफा २ बमोजिम प्रदेश स्रोत अनुमान समितिको संरचना देहायबमोजिम हुनेः

| | |
|---|---|
| क. उपाध्यक्ष, नीति तथा योजना आयोग | – संयोजक |
| ख. सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने) नीति तथा योजना आयोग | – सदस्य |
| ग. सचिव आर्थिक मामिला मन्त्रालय | - सदस्य |
| घ. प्रमुख, नेपाल राष्ट्र बैंक पोखरा शाखा | - सदस्य |
| ङ. प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय | - सदस्य |
| च. सदस्य — सचिव, प्रदेश नीति तथा योजना आयोग | - सदस्य—सचिव |

नियमावलीको नियम १२ मा स्रोत अनुमान समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ।

## आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

१ प्रदेश विकास परिषद्

२ प्रदेश विकास समस्या समाधान समिति

३ प्रदेश स्रोत अनुमान समिति

## प्रदेश नीति तथा योजना आयोगमा कार्यरत कर्मचारी संख्या र कार्य विवरण:

### कर्मचारी संख्या

गण्डकी प्रदेश सरकारबाट स्वीकृत प्रदेश नीति तथा योजना आयोगको कुल दरबन्दी संख्या २३ जना हाल प्रदेश नीति तथा योजना आयोगमा विभिन्न पदमा कार्यरत कर्मचारी संख्या १६ जना
तथ्याङ्क अधिकृत जना १ सरुवा भई गएको।

### कार्यरत कर्मचारी विवरण

| | | |
|---|---|---|
| | सचिव | –१ जना |
| **१.** | **प्रशासन शाखा:–** | |
| | उपसचिव | - १जना |
| | शाखा अधिकृत | – १ जना |
| | लेखा अधिकृत अधिकृतस्तर छैंठौं | – १ जना |
| | कम्प्युटर अधिकृत छैंठौं | – १ जना |
| | ना.सु. प्रशासन | – २ जना |
| | ह.स.चा | – ४ जना |
| | का.स. | – ४ जना |
| **२.** | **आर्थिक तथा सामाजिक विकास शाखा** | |
| **३.** | **पूर्वाधार विकास तथा अनुगमन शाखा** | |
| | अधिकृतस्तर आठौं | – १ जना |
| **४.** | **अनुसन्धान तथा तथ्याङ्क शाखा:–** | |

## निकायबाट प्रदान गरिने सेवाः

प्रदेश सरकारको प्रदेश योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने, नीतिको अनुसन्धान तथा विकास गर्ने, प्रदेशको आवधिक योजना तयार गर्ने, प्रदेश सरकारको नीति तथा कार्यक्रम तयार गर्ने, प्रदेश सरकारको बजेटको स्रोत सुनिश्चित गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, स्थानीय तहको आवधिक योजना निर्माणमा परामर्श तथा सहजीकरण लगायत अन्तरतह समन्वय गर्ने ।

## स्वीकृत दरबन्दी अनुसार सेवा प्रदान गर्ने चार शाखा र जिम्मेवार अधिकारी

प्रशासन शाखा:– अधिकृतस्तर सातौं/आठौं (सामान्य प्रशासन)

आर्थिक तथा सामाजिक विकास शाखा:– अर्थशास्त्री (अधिकृतस्तर सातौं/आठौं)

पूर्वाधार विकास तथा अनुगमन शाखाः– अधिकृतस्तर सातौं/आठौं (सामान्य प्रशासन)
अनुसन्धान तथा तथ्याङ्क शाखा :– तथ्याङ्क अधिकृत (अधिकृतस्तर सातौं/आठौं)

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

प्रदेश नीति तथा योजना आयोगबाट प्रदान गरिने कुनै पनि सेवा वापत कुनै शुल्क लाग्ने छैन र सेवा प्रवाह सेवाको प्रकृति हेरी तुरुन्तै वा तोकिएको समयावधिमा हुनेछ ।

## निर्णय गर्ने प्रक्रिया र अधिकारी:

नीतिगत निर्णयहरु आयोगको पूर्ण बैठक र आयोगको नियमित बैठकबाट, प्रशासनिक निर्णय सदस्य सचिवस्तरीय निर्णयबाट वा कार्यालय प्रमुखस्तरीय निर्णयबाट हुने र निर्णय गर्ने अधिकारी प्रशासनिक निर्णयको हकमा सदस्य(सचिव वा कार्यालय प्रमुख हुने ।

## निर्णय उपर उजुरी सुन्ने अधिकारी:

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारी: आयोगका सचिव

## आर्थिक वर्ष २०८०/८१ वैशाख देखि असार सम्म तीन महिनाको अवधिमा आयोगबाट सम्पादित मुख्य-मुख्य कामको विवरण:

- गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ – ०८५/८६) को तर्जुमाका लागि प्रदेश विकास परिषद्को बैठकबाट पृष्ठपोषण सहित योजना तर्जुमा अन्तिम चरणमा पुगेको।
- **गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था** विषयमा दिगो विकास लक्ष्य समन्वय समितिको बैठक सम्पन्न।
- नेपाल सरकारको सोह्रौं योजना र गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ – ८५/८६) को अवधारणा तर्जुमा सम्बन्धमा राय सुझावका लागि अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

## प्रवक्ता, सूचना अधिकारी र प्रमुखको नाम र पद

**सूचना अधिकारी** : सन्तोष देवकोटा
**पदः–** कम्प्यूटर अधिकृत (छैटौं)

प्रवक्ताः ढाका प्रशाद शर्मा
पदः- उपसचिव

**कार्यालय प्रमुखः–** बद्रिनाथ अधिकारी

**पदः–** सचिव

## ऐन, नियम, विनियम वा निर्देशिकाः

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१।

### २०८० असार मसान्तसम्मको खर्चको फाँटबारी

**चालु तर्फः**

| बजेट उपशीर्षक | अन्तिम बजेट कुल जम्मा (रु.मा) | असार मसान्त सम्मको खर्च | बाँकी रहेको बजेट | चैत्र मसान्त सम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|---|
| ३९१०००११३ | ६६१००००० | ३६९४०३४६ | २९१५९६५४ | ५५.९ |

**पुँजीगत तर्फः**

| बजेट उपशीर्षक | अन्तिम बजेट कुल जम्मा (रु.मा) | असार मसान्त सम्मको खर्च | बाँकी रहेको बजेट | चैत्र मसान्त सम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|---|
| ३९१०००११४ | ५०००००० | ४२५८२०० | ७४१८०० | ८५.२ |
| **कुल जम्मा** | **७११०००००** | **४११९८५४६** | **२९९०१४५४** | **७०.५२** |

## तोकिए बमोजिमका अन्य विवरणः

तोकिए बमोजिमका अन्य विवरण प्रचलित कानून र प्रदेश सरकार गण्डकी प्रदेशले तोके बमोजिम हुने ।